# बन्दीपुर गाउँपालिका
# बन्दीपुर राजपत्र


बन्दीपुर गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ०९ संख्याः०३ मितिः२०८२/०५/१९


भाग १

## बन्दीपुर गाउँपालिका

गाउँ कार्यपालिका कार्यालयको सूचना

बन्दीपुर गाउँपालिकामा प्लास्टिक झोलाको प्रतिबन्ध सम्बन्धी कार्यविधि, २०८२

नेपाल, गण्डकी प्रदेश, तनहुँ, बन्दीपुर गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ९, संख्याः ३, भाद्र १९ गते, २०८२ साल

बन्दीपुर गाउँपालिकाको गाउँकार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**भाग १**

बन्दीपुर गाउँपालिकामा प्लास्टिक झोलाको प्रतिबन्ध सम्बन्धी कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/५/१५

प्रस्तावनाः बन्दीपुर गाउँपालिका क्षेत्रभित्र दिनप्रतिदिन प्लाष्टिकजन्य फोहोर बढ्दै गइरहेको वर्तमान अवस्थामा यसले गाउँपालिका वासीहरुको जनस्वास्थ्य र पर्यटकीय गाउँको रुपमा चिनिएको बन्दीपुरको पर्यटन व्यवसाय, पालिकाको समग्र वातावरण र सुन्दरतामा प्रतिकुल प्रभाव पर्न गएको हुँदा यसको प्रयोगलाई न्युन गरी गाउँपालिकालाई स्वच्छ, सफा, स्वस्थ, सुन्दर र हरियाली बनाउन प्लाटिकजन्य फोहोर मैलाको श्रोतमा नै न्यूनीकरण, पुनः प्रयोग, पुनः चक्रण वा अन्तिम बिसर्जन गर्ने क्रममा गाउँपालिका क्षेत्रभित्रको प्लास्टिक झोलाको उत्पादन, बिक्री वितरण, भण्डारण र प्रयोगमा निषेध गरी प्लाष्टिक झोलाहरुको नियमन र व्यवस्थापन गर्न वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (१), ले दिएको अधिकारको प्रयोग गरी बन्दीपुर गाउँपालिका गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १ प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "बन्दीपुर गाउँपालिका प्लाष्टिक झोलाका वस्तुको प्रतिबन्ध सम्बन्धी कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि बन्दीपुर गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यविधि" भन्नाले "बन्दीपुर गाउँपालिका प्लास्टिक झोलाको प्रतिबन्ध सम्बन्धी कार्यविधि २०८२" सम्झनु पर्छ ।

(ख) " गाउँपालिका " भन्नाले "बन्दीपुर गाउँपालिका सम्झनु पर्छ ।

(ग) "प्रमुख" भन्नाले बन्दीपुर गाउँपालिकाको प्रमुख सम्झनु पर्छ र सो शब्दले प्रमुखको काम गर्न तोकिएको व्यक्ति समेत सम्झनु पर्छ ।

(घ) "उपप्रमुख" भन्नाले बन्दीपुर गाउँपालिकाको उपप्रमुख सम्झनु पर्छ ।

(ङ) " नगर प्रहरी" भन्नाले बन्दीपुर गाउँपालिकाले नगर प्रहरीमा नियुक्त कर्मचारी सम्झनु पर्छ ।

(च) "हानिकारक फोहोर मैला" भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने, मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानी नोक्सानी पुऱ्याउने विभिन्न रुपमा निष्कासित वस्तु, पदार्थ र रेडियो बिकिरण सम्झनु पर्छ ।

(छ) "बिसर्जन" भन्नाले फोहोर मैलाको अन्तिम निष्काशन तथा व्यवस्थापन सम्झनु पर्छ ।

(ज) "अनुगमन समिति" भन्नाले कार्यविधिको दफा ६ बमोजिम बनेको समिति सम्झनु पर्छ ।

(झ) "प्लास्टिक झोला" भन्नाले प्लाष्टिकबाट निर्मित झोला, र प्ललास्टिक जन्य बस्तुहरु भन्नाले कप, गिलास, प्लेट, चम्चा, काटा, प्लाष्टिकमा बेरिएका गुट्का, सुर्ती र पान मसला, प्लाष्टिकबाट निर्मित फुलहरु सम्झनु पर्छ ।

(ञ) "वैकल्पिक झोला" भन्नाले Stratch Based Bio-degradable Plastic/ Compostable Eco-Bag कटन, कागज, कपडा अथवा जुटबाट बनेका दैनिक उपभोग्य वस्तु तथा सामानहरु ओसार पसार गर्नका लागि बनाइएका Compostable/ Bio-degradable झोलाहरु सम्झनु पर्छ ।

(ट)"अधिकार प्राप्त निकाय वा व्यक्ति" भन्नाले यस कार्यविधिले तोकेको केही वा सबै कार्यको कार्यान्वयनका निम्ति गाउँपालिकाले तोकेको कुनै संस्था, अधिकारी वा कर्मचारीलाई जनाउनुका साथै यस शब्दले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत समेतलाई जनाउँनेछ ।

(ठ)"निजी क्षेत्र" भन्नाले नाफा नकमाउने वा कमाउने गरी स्थापना भएको कम्पनी वा टोल विकास संस्था वा सामाजिक संघ संस्था तथा राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्था समेत सम्झनु पर्छ ।

(ड)"सार्वजनिक निजी क्षेत्र साझेदारी" भन्नाले सार्वजनिक क्षेत्र (गाउँपालिका) र निजी क्षेत्रका बीचमा कुनै काम गर्ने सम्बन्धमा कानुन बमोजिम आपसी सहमतिमा हुने लाभ, लागत र जोखिमको साझेदारी सम्झनु पर्छ ।

(ढ)"तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस कार्यविधि वा गाउँपालिकाले समय समयमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ण) "न्यूनीकरण" भन्नाले कुनैपनि प्रविधि वा उपायको प्रयोग गरी सानो आकार तथा पुनः प्रयोग गरी परिमाण, आकार वा प्रभावमा कम गर्ने कार्य सम्झनु पर्छ ।

## परिच्छेद २

प्लाष्टिकका झोलाहरुको प्रयोग र त्यसको नियमन सम्बन्धी व्यवस्था

**३. प्लास्टिक झोला प्रयोग गर्न प्रतिबन्धः** (१) सार्वजनिक स्वास्थ्य, जनस्वास्थ्य तथा वातावरणीय संरक्षणलाई ध्यानमा राखी प्लास्टिक झोलाको उत्पादन, आयात, निर्यात, बिक्री वितरण, भण्डारण तथा प्रयोगमा रोक लगाइनेछ ।

(२) खाद्यपदार्थ तथा जुत्ता, लत्ताकपडा लगायतका वस्तुहरु साथै कम्पनीबाट प्याकिङ्ग भइआएका प्लाष्टिक आदि जथाभावी फ्याक्न, थुपार्न, जलाउन वस्ती तथा सार्वजनिक स्थलमा फ्याक्न पाइने छैन ।

(३) प्लाष्टिक झोलाहरु जो पुनः चक्रण (Recycle) गर्न सकिने प्रवृत्तिका हुनछन्, तिनीहरुको प्रयोगमा गाउँपालिकाले पूर्ण रुपमा रोक लगाउन सक्नेछ ।

(४) कुनै चिज वस्तु प्याकिङ्ग भइआएका प्लाष्टिक झोला जन्य पदार्थहरु प्रयोगकर्ताले सुरक्षित रुपमा भण्डारण गरी त्यसलाई बिक्री वितरण गर्ने व्यवस्था आफैले मिलाउनु पर्नेछ ।

(५) पुनः चक्रण गर्न सकिने प्लाष्टिकहरु उपभोगकर्ताले आफै बिक्री वितरण गर्न नसक्ने भएमा त्यस्ता प्लाष्टिकहरु अन्य फोहोर मैलामा नमिसाई गाउँपालिकाबाट तोकिदिएको स्थानसम्म पुर्‍याउनु पर्ने जिम्मेवारी सम्बन्धित उपभोक्ता कै हुनेछ ।

(६) प्लास्टिक झोलाहरु गाउँपालिकाले तोकिदिएको स्थानबाट मात्र पुनः चक्रणको लागि सङ्कलन गर्ने र यसरी सङ्कलन गर्दा गाउँपालिकाद्वारा तोकिएको शुल्क तिर्नु पर्नेछ ।

(७) कुनैपनि प्रकारका प्लास्टिक झोलाहरु अन्य फोहोर मैलासँग मिसाई राख्न पाइने छैन । यसलाई छुट्टै पोका, भाँडा वा बोरामा राखी गाउँपालिकाबाट खटिने फोहोर मैला सङ्कलकलाई अन्य फोहोर मैलाभन्दा अलग गरी उपलब्ध गराउनु पर्नेछ वा गाउँपालिकाको शुक्ष्म वर्गीकरण केन्द्रमा दिन सक्नेछ ।

(८) उपभोक्ताले प्रयोग गरिसकेका प्लाष्टिकका वस्तुहरु, खोलहरु, निजी क्षेत्र, संघ संस्था मार्फत खरिद गर्न लगाई पुनः चक्रणका लागि सम्बन्धित निकायमा बिक्री गर्न गाउँपालिकाले सघाउने छ ।

(९) यो कार्यविधिले निषेध गरेका प्लास्टिक झोलाहरुको उपयोग पछि भएको प्लाष्टिकजन्य फोहोरको व्यवस्थापनमा त्यस्तो प्लाष्टिकका वस्तुहरु उत्पादन गर्ने उत्पादनकर्ताबाट तोकिए बमोजिम रकम लगाइनेछ ।

(१०) साझेदारीमा अन्य पालिका सँग सहकार्यमा प्लाष्टिक मुक्त अभियान गर्न चाहेमा सम्बन्धित पालिका बिच प्रमुखहरुले कार्ययोजना बनाई सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।

**४. प्लास्टिक झोला बिक्री वितरण सम्बन्धमाः** यो कार्यविधि लागू भएपछि कुनैपनि फर्म, कम्पनी वा व्यक्तिले निषेधित प्लास्टिक झोलाहरु गाउँपालिकाको क्षेत्रमा उत्पादन, बिक्री वितरण, आयत, भण्डारण र प्रयोग गर्न समेत पाइने छैन ।

**५. नियमन तथा व्यवस्थापनः** (१) गाउँपालिकामा निषेधित प्लास्टिक झोलाहरुको प्रयोगलाई नियमन तथा व्यवस्थापन गर्ने प्रयोजनको लागि देहायका कार्यहरु गर्ने वा गराइने छ ।

(क) निषेधित प्लास्टिक झोलाहरुभन्दा उत्तम अन्य वातावरणमैत्री थप विकल्प खोज्ने र निषेधित प्लास्टिक झोलाहरु विस्थापित गर्न स्थानीयस्तरमा सामाजिक परिचालनको माध्यमबाट सहजीकरण गर्ने ।

(ख) फोहोर मैला व्यवस्थापन तथा निषेधित प्लास्टिक झोलाहरु सम्बन्धी हरेक टोलहरुमा विभिन्न बैठक भेला एवं अन्तरक्रिया, अभिमुखीकरण कार्यक्रम आयोजना गरी सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

(ग) 3R (Reuse, Reduce & Recycle) कार्यान्वयन गर्न आवश्यक पहल तथा सचेतना कार्यक्रम गर्ने साथै सुविधा, पुरस्कार प्रदान गर्न नीतिगत व्यवस्था गर्ने ।

(घ) यस कार्यविधिको प्रभावकारी कार्यान्वयनको लागि अनुगमन गर्ने ।

(ङ) निषेधित प्लास्टिक झोलाहरु सम्बन्धी कार्ययोजनालाई सरोकारवाला संस्थाको सहकार्यमा प्रभावकारी तवरले कार्यान्वयन गर्ने ।

(च) निषेधित प्लास्टिक झोलाहरु नियन्त्रण अभियानलाई निरन्तरता दिनका लागि वार्षिक योजना, कार्यक्रम र बजेटको व्यवस्था गर्ने ।

(छ) कार्यक्रमको सम्बन्धमा आवश्यक प्रचार प्रसार गर्ने गराउने ।

(ज) प्लाष्टिकबाट बनेका झोला, गिलास, प्लेट लगायत विस्थापन गर्न गलेर जानेखालका कपडा, कागज, जुट लगायतका वस्तुहरुको प्रयोग गरी झोला तथा पातका दुना टपरी उत्पादन गर्ने उद्योग खोल्ने उद्यमीलाई गाउँपालिकाले आवश्यक प्रोत्साहन गर्ने कार्यक्रमहरु सञ्चालन गर्नेछ ।

**६. गाउँपालिका स्तरिय अनुगमन समितिः** (१) निषेधित प्लास्टिक झोलाहरुको नियमन तथा नियन्त्रण गर्ने प्रयोजनको लागि गाउँपालिकामा देहाय बमोजिमको गाउँपालिका स्तरिय अनुगमन समिति रहने छः

(क) संयोजक — उपप्रमुख

(ख) सदस्य — वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक —१ जना

(ग) सदस्य — सम्बन्धित वडा समितिको वडा प्रतिनिधि — १ जना

(घ) सदस्य — ईलाका प्रहरी कार्यालयका बन्दीपुर प्रतिनिधि — १ जना

(ङ) सदस्य — उद्योग वाणिज्य संघ (सम्बन्धित बजार ईकाई) प्रतिनिधि —१ जना

(च) सदस्य — होटल संघ बन्दीपुर ईकाई, रेवान बन्दीपुर ईकाई प्रतिनिधि — २ जना

(छ) सदस्य — पत्रकार (प्रेस सल्लाहकार) — १ जना

(ज) सदस्य — नगर प्रहरी इन्चार्ज — १ जना

(झ) सदस्य — पर्यटन बिकास समिति — १ जना

(ञ) सदस्य सचिव — सरसफाई शाखा वा प्रशासन शाखा प्रमुख — १ जना

(२) गाउँपालिकाले कार्यविधिलाई प्रभावकारी बनाउन आवश्यक उपसमिति तथा हरेक वडामा वडामा ५देखि ९ सदस्यीय अनुगमन समिति गठन गर्न सक्नेछ । उपसमिति तथा वडा समितिको काम, कर्तव्य र अधिकार समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) आवश्यकतानुसार नेपाल सरकारका सम्बन्धित निकायका प्रमुख एवं प्रतिनिधिहरु, विषय विज्ञहरुलाई समितिले आमन्त्रण गर्न सक्नेछ ।

**७.गाउँ पालिका अनुगमन समितिको काम, कर्तव्य र अधिकारः** गाउँपालिका स्तरिय अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छः

(क) यस कार्यविधि बमोजिम निषेधित प्लास्टिक झोलाहरुको उत्पादन, बिक्री वितरण वा प्रयोग भए नभएको अनुगमन गर्ने ।

(ख) यस कार्यविधि बमोजिम निषेधित प्लास्टिक झोलाहरुको उत्पादन, बिक्री वितरण, प्रयोग गर्ने व्यवसायी, संस्था वा व्यक्तिबाट निषेधित प्लास्टिक झोलाहरु जफत गर्ने ।

(ग) यस कार्यविधि बमोजिम निषेधित प्लास्टिक झोलाहरुको बिक्री वितरण र प्रयोग गर्न कम गर्ने किसिमका जनचेतनामूलक क्रियाकलापहरु सञ्चालन गर्ने ।

(घ) वडा अनुगमन समितिलाई यस कार्यविधि बमोजिम निषेधित प्लास्टिक झोलाहरु प्रतिबन्धका साथै फोहोर मैला व्यवस्थापन सम्बन्धी कार्यमा गाउँपालिका अनुगमन वा स्वास्थ्य समिति र वन, वातावरण तथा विपद् व्यवस्थापन समिति, उपभोक्ता हित संरक्षण इकाई र सरसफाई शाखासँग समन्वय गर्ने ।

(ङ) वडा अनुगमन समिति तथा नगर प्रहरीबाट प्राप्त सिफारिसलाई पुनरावलोकन गरी जरिवाना गर्ने ।

(च) “3R” का कार्यलाई प्रोत्साहन गर्न आवश्यकता अनुसार सुविधा, पुरस्कार प्रदान गर्न सिफारिस गर्ने ।

(छ) कसुरको मात्रा हेरी सजाय वा जरिवाना गर्ने ।

(ज) निषेधित प्लास्टिक झोलाहरु नियन्त्रण सम्बन्धी गाउँपालिकाले तोके बमोजिमको अन्य काम गर्ने ।

(झ) यस कार्यविधि बमोजिम निषेधित प्लास्टिक झोलाहरु जफत गरेको सूचना तत्काले उपयुक्त स्थानमा सार्वजनिक गर्ने ।

**८. निषेधित प्लास्टिक झोलाहरु नियन्त्रण प्रक्रियाः** दफा ६ बमोजिम गठित पालिका स्तरिय अनुगमन समिति, वडा अनुगमन समिति, स्वास्थ्य तथा फोहोर मैला व्यवस्थापन समितिबाट गाउँपालिका क्षेत्रमा निषेधित प्लास्टिक झोलाहरु नियन्त्रणको लागि स्थानीय स्तरमा समय समयमा अनुगमन गर्न सक्नेछ । अनुगमन गर्दा प्लाष्टिक झोला उत्पादन, भण्डारण, बिक्री वा प्रयोग भएको पाइएमा निम्नानुसार प्रक्रिया बमोजिम कारवाही गरिनेछः

(क) निषेधित प्लास्टिक झोलाहरुलाई अभिलेख राखी नियन्त्रणमा लिने ।

(ख) निषेधित प्लाष्टिकजन्य वस्तुहरु उत्पादक, भण्डारण, बिक्री वा प्रयोगकर्तालाई कार्यविधिको दफा १० अनुसार तुरुन्तै जरिवाना गर्ने ।

(ग) निषेधित प्लास्टिक झोलाहरु नियन्त्रणमा लिएको सूचना तत्काले सार्वजनिक गर्ने ।

**९. कसुरः** यस कार्यविधि विपरीत निषेधित प्लास्टिक झोलाहरु उत्पादन, बिक्री वितरण, आयात, भण्डारण र प्रयोग गरेमा यस कार्यविधिको प्रयोजनको लागि कसुर गरेको मानिनेछ ।

**१०. दण्ड सजायः** (१) यस कार्यविधि विपरीत काम गर्ने बिक्रेता वा प्रयोगकर्तालाई कसुरको मात्रा हेरी गाउँपालिकाले निम्न बमोजिम जरिवाना वा सजाय गर्न सक्नेछः

(क) प्लाष्टिक झोला बिक्रेतालाई प्रथम पटकको लागि चेतावनी, दोश्रो पटक एक हजार रुपैयाँ, तेस्रो पटकदेखि हरेक पटक तीन हजार रुपैयाँका दरले जरिवाना गर्ने ।

(ख) प्लाष्टिक/पोलिथिन झोला प्रयोग गर्नेलाई प्रथम पटक चेतावी, दोश्रो पटक २० रुपैयाँ र तेस्रो पटक सय रुपैयाँ जरिवाना गरिनेछ । त्यसपछि पनि प्रयोग गरे नाम सार्वजनिक गरी कानुन बमोजिम थप दण्ड सजायलाई अगाडि बढाउने ।

(ग) प्लाष्टिक/पोलिथिन झोला उत्पादकलाई प्रथम पटक चेतावनी, दोश्रो पटक दुई हजार रुपैयाँ र तेस्रो पटक पाच हजार रुपैयाँ जरिवाना गर्ने ।त्यसपछि पनि प्रयोग गरे नाम सार्वजनिक र अन्य दण्ड सजायलाई अगाडि बढाउने ।

(२) दफा १० को १ को खण्ड (क) र (ख) अनुसारको कार्यविधिको उल्लंघन गर्ने उत्पादक र बिक्रीकर्तालाई गाउँपालिकाले उक्त व्यवसायिक दर्ता खारेजी तथा कारोबार बन्द गर्न एवं गाउँपालिकाबाट प्रदान गर्ने व्यवसाय सम्बन्धि सबै प्रकारका सेवा बन्द गर्न सक्नेछ ।

**११. पुरस्कारः** (१) गाउँपालिका क्षेत्रमा निषेधित प्लास्टिक झोलाहरु उत्पादन, बिक्री, वितरण, आयात, निर्यात भण्डारण तथा प्रयोग गरेको सूचना गर्ने व्यक्ति, जफत गर्ने कार्यमा संलग्न अनुगमन समितिका सदस्य तथा कर्मचारीलाई जरिवाना रकमको ५०% (प्रतिशत) रकम मध्ये दामासाहीले पुरस्कार दिइने छ ।

(२) दफा ११ को (१) बमोजिम सूचना गर्ने व्यक्तिको नाम, थर र ठेगाना गोप्य राखिने छ ।

## परिच्छेद ३

## विविध

**१२.गुनासो सुनुवाईः** दफा १० बमोजिम गरिएको कार्यवाही प्रति चित्त नबुझे सरोकारवालाले जरिवाना भएको मितिले पन्ध्र दिनभित्र  गाउँपालिका प्रमुख समक्ष प्रमाण सहित लिखित रुपमा गुनासो पेश गर्न सक्नेछ । सो गुनासो उपर  गाउँपालिका पालिकाबाट गुनासो पेश भएको एक हप्ताभित्र सुनुवाई गरिसक्नु पर्नेछ ।

**१३.कार्यविधि संशोधनः** यो कार्यविधिको कार्यान्वयनका लागि आवश्यकता अनुसार संशोधन वा थपघट गर्नु परेमा कार्यपालिकाबाट गर्न सकिनेछ ।

**१४.प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**१५. बचाउः** यस कार्यविधिको उद्देश्य तथा विषय क्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम यस अघि भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले

कमल बहादुर के.सी

प्रमुख प्रशासकीय अधिकृत